# जिल्ला प्रशासन कार्यालय, रामेछापको

# सवारी संचालन सम्बन्धी सूचना

२६ आषाढ २०७७

विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण र न्यूनिकरणको सन्दर्भमा नेपाल सरकारको निर्णयानुसार अर्को आदेश प्राप्त नभए सम्म देहाय बमोजिम सवारी साधन संचालन गर्नु गराउनु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

## जिल्ला भित्रको हकमा:

१. सम्बन्धित (रामेछाप) ज़िल्ला भित्र मात्र जोर विजोर प्रणालीमा सञ्चालन गर्ने गरी निजी सवारी साधन (चालक बाहेक थप २ जना सम्म र परिवार भित्रका ५ बर्ष सम्मका बालबालिका मात्र सवार हुने गरी) सञ्चालन गर्ने र जोर विजोर प्रणालीमा सञ्चालन हुने गरी निजी मोटरसाईकल सञ्चालन गर्ने ।

२. सम्बन्धित (रामेछाप) जिल्ला भित्र मात्र सञ्चालन हुने गरी ट्याक्सी सञ्चालन गर्ने । यसरी ट्याक्सी सञ्चालन गर्दा चालक बाहेक बढिमा २ जना सम्म र परिवार भित्रका ५ बर्ष सम्मका बालबालिका मात्र सवार हुने ।

३. सम्बन्धित (रामेछाप) जिल्ला भित्र मात्र देहाय बमोजिमको मापदण्ड पूरा गरी यात्रुवाहक सार्वजनिक सवारी साधन संचालन गर्ने ।

क) चालक सहित सिट क्षमताको बढिमा ५० प्रतिशत यात्रु रहने, एक पङ्क्तिको सिटमा सामाजिक दूरी कायम हुने गरी १ जना मात्रै राख्ने ।

ख) सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने ।

ग) सवारी साधनमा यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधन भित्र स्यानिटाइजरको व्यवस्था गर्ने ।

घ) चालक तथा सहचालकले समेत अनिवार्य रुपमा मास्क, स्यानिटाइजर र पञ्जा लगाउने ।

ङ) सवारी साधनलाई दैनिक निसङ्क्रमित गर्ने ।

स्पष्टिकरण: यो व्यवस्था लागू रहदासम्मका लागि मात्र सि.न. ३ को प्रयोजनको लागि ट्याक्सी बाहेकका अन्य सवारी साधनका हकमा तोकिएको भाडा दरको पचास प्रतिशतसम्म थप भाडा लिन पाउनेछ ।

४. उद्योग, प्रतिष्ठान र निजी सेवा प्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसार पसार गर्न प्रयोग गरिने सवारी साधन( सिटको एक लहरमा एक जना यात्रु मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्क, प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसङ्क्रमित गर्ने ।

५. उल्लेखित शर्त विपरीत सवारी साधन चलाएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

**अन्तर जिल्ला र काठमाण्डौ उपत्यकाको हकमा पूर्ववत निर्णानुसार नै हुने व्यहोरा जानकारी गराइन्छ ।**